# शिलबन्दी दरभाउपत्र प्रक्रियाबाट वन पैदावार लिलाम बिक्री सम्बन्धी सूचना

प्रथम पटक सूचना प्रकाशित मिति: २०८२/१२/२६ गते

यस सामुदायिक वन उपभोक्ता समूहको स्वीकृत वन व्यवस्थापन कार्ययोजना अनुसार डिभिजन वन कार्यालय बाँकेको च.नं. २०७२ मिति २०८२/०९/२८ को वन पैदावार संकलन सहमति बमोजिम उत्पादित काठ र दाउराहरु मध्ये आन्तरिक खपत भई बाँकी रहेका गोलिया काठ तथा दाउराहरुलाई डिभिजन वन कार्यलय बाँकेको च.नं. ३५९५ मिति २०८२/१२/२५ गतेको गतेको बाह्य लिलाम सहमति बमोजिम समूहको घाटगद्दीमा रहेका साल, जामुन, कर्मा, धौटी, मौवा, दवदवे, वर्रो, टेन्दु जातका कुल जम्मा गोलिया थान ४२४ को ५११६.९७ क्यू.फिट काठ तथा साल जातको २४ चट्टा र अन्य जातको ३७ चट्टा दाउरालाई हाल जे-जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानुपर्ने गरि लिलाम बिक्री गर्नुपर्ने भएकाले यो सुचना प्रकाशित गरिएको हो। ईच्छुक वन पैदावरको लिलाम बिक्रीमा भाग लिनका लागि डिभिजन वन कार्यालयमा सुचीकृत भएका स:मिल वा कम्पनीले यो पहिलो पटक सुचना प्रकाशित भएको मितिले २१ (एक्काइस) दिनभित्र सिलबन्दी बोलपत्र खरिद गर्न र २२ दिनभित्र सिलबन्दी बोलपत्र दर्ता गर्न आह्वान गरिन्छ। यस सम्बन्धी बिस्तृत जानकारीको लागी यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ। पुर्ण व्यहोराको सूचना यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयको सूचना पाटिमा टाँस गरिएको छ।

## श्री वारसीबाबा सामुदायिक वन उपभोक्ता समूह

नरैनापुर गा.पा.-०४, बाँके

## ढोरपाटनमा दोस्रो सिकार याम

# १४ नाउर र १० झारलको सिकार चल्दै

बागलुङ, चैत २५ । बागलुङको ढोरपाटनमा अहिले दोस्रो सिकार याम चलिरहेको छ। यो याममा विदेशी पर्यटक सिकार खेल्न व्यस्त छन् । नेपालको एक मात्र सिकार आरक्ष ढोरपाटनमा विदेशीहरू उच्च पहाडी क्षेत्रको सिकार ब्लकमा छन् । यस वर्ष १४ नाउर र १० झारलको सिकार अनुमति दिइएको ढोरपाटन सिकार आरक्षका रेन्जर सागर सुवेदीले जानकारी दिए । दोस्रो यामका रूपमा रहेको फागुन-वैशाखमा सिकार खेल्न केही सिकारी ढोरपाटनमा व्यस्त छन् भने केही विदेशी सिकारी नेपाल आउने तरखरमा छन् । रेन्जर सुवेदीका अनुसार यस वर्षको दोस्रो याममा १३ बँदेलको सिकार गर्नसमेत अनुमति दिइएको थियो । ढोरपाटन आरक्षले विभिन्न सिकार ब्लकमा वन्यजन्तु विभागको अनुमतिमा सिकार गर्न दिएको थियो । अहिले ग्लोबल सफारी प्रालिमार्फत आएका अमेरिकी नागरिकले एक नाउर र एक झारल सिकार गरेर फर्किएको र हिमालयन सफारी नेपालमार्फत आएका अमेरकी र डेनिस नागरिक सिकारमा व्यस्त रहेको सुवेदीले जानकारी दिए ।

विदेशी सिकारीले नाउर र झारलको सिकारका लागि प्रतिस्पर्धाका आधारमा राजस्व बुझाएर अनुमति पाएका थिए । दोस्रो यामको सिकार चलिरहेकाले आरक्षका कर्मचारी र नेपाली सेना सिकार ब्लकमा सिकारीसँगै व्यस्त भएको रेन्जर सुवेदी बताए । दोस्रो याममा हिमालयन वाइल्ड लाइफ आउट फिटरमार्फत डेनिस नागरिकले एक नाउर, एक झारल र एक बनेल सिकार खेल्न फागुने ब्लकमा अनुमति पाएका छन् । यस्तै ओपन नेपाल वाइल्ड लाइफ सफारी एन्ड ट्रेक प्रालिमार्फत अमेरिका, बेल्जियम र फ्रेन्च



नागरिकले सुनदह र सेङ ब्लकमा तीन नाउर, दुई झारल र एक बनेल सिकारको अनुमति पाएका छन् । यसैगरी, नेपाल ट्राभल एक्पिडिसन प्रालिमार्फत घुस्तुङ ब्लकमा तीन नाउर, तीन झारल र तीन बनेल सिकार खेल्न रसियन, अफ्रिकन र फ्रेन्च नागरिक सिकार खेल्ने तयारीमा नेपाल आइरहेका छन् । राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागका अनुसार वर्षको पहिलो सिकार याम असोज-मंसिर र दोस्रो सिकार याम फागुन-वैशाख गरी दुई चरणमा सिकार हुँदै आएको छ । विदेशी सिकारीसहितको समूहले १५ दिन भित्र तोकिएको ब्लकमा सिकार खेलिसक्नुपर्ने हुन्छ।

जङ्गलमै बास बस्ने सिकारीले आरक्ष प्रवेश गरेपछि निर्धारित समयमा मात्रै सिकार खेल्न पाउँछन् । साहसिक यात्रा र रोमाञ्चक सिकार अनुभवका लागि ढोरपाटन विदेशीको आकर्षक गन्तव्य बन्दै आएको छ। राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागले हरेक याममा विद्युतीय बोलपत्र आह्वान गरी सिकारको कोटा र राजस्व दर निर्धारण गर्छ।

यस्तै, ग्लोबल सफारिज प्रालिमार्फत सुनदह र दोगाडी ब्लकमा अमेरिकी तथा डेनिस नागरिकले चार नाउर, २ झारल र ४ बनेलको सिकार गर्न अनुमति पाएका छन् । हिमालयन सफारिज नेपाल प्रालिमार्फत अमेरिकी नागरिकले दुई नाउर, एक झारल र दुई बँदेल सिकारको अनुमति पाएकोमा एक नाउर र एक झारलको सिकार भइसकेको छ। ट्रेक एन्ड देलर्स प्रालिमार्फत स्पेनिस नागरिकले एक झारल, एक नाउर र एक बनेलको अनुमति पाएको सुवेदीको भनाइ छ।

चालू वर्षको पहिलो सिकार याममा तीन करोड तीन लाख राजस्व संकलन भएकोमा दोस्रो यामको सिकारी आउने क्रम जारी रहेकाले राजस्व संकलनको काम भइरहेको छ। सिकारीहरू बन्दोबस्तीका सामग्रीसहित गत फागुन दोस्रो साताबाट नेपाल आउन थालेका थिए। विदेशी सिकारी हेलिकप्टरमार्फत सोझै सिकार ब्लकमा पुग्ने गरेका छन्।

२०४४ सालमा स्थापना भएको सिकार आरक्ष पूर्वी रुकुम, बागलुङ र म्याग्दी जिल्लामा फैलिएको भए पनि आरक्षको मुख्य कार्यालय भने बागलुङको ढोरपाटन उपत्यकामा पर्छ । सिकार खेल्ने क्रममा नेपाली सहयोगीसहित आरक्षका कर्मचारी पनि विदेशी सिकारीसँग खटिने गरेका छन्। विभागले हरेक वर्ष नाउर र झारलको सिकारका लागि कोटा निर्धारण गर्छ।

नाउर र झारलको मूल्य, ब्लक रिजर्भ, लाइसेन्स, हेलिकोप्टर सबै बन्दोबस्तीको सामग्री तयार गर्दा एक जना सिकारीले करिब ३० देखि ३५ लाखसम्म खर्च गर्ने गरेका छन्। विदेशी तथा धनाढ्यको रोजाइमा मात्रै पर्दै आएको सिकार खेल्ने अवसर नेपालीले पाएका छैनन्। सिकार आरक्षको सुरक्षा २०७३ सालदेखि नेपाली सेनाले गर्दै आएको छ।

# उद्योगीका गुनासा र चुनौतीबारे अन्तरसंवाद

बुटवल, चैत २५ (मेसस) । रूपन्देही उद्योग संघले समस्यामा परेका उद्योगहरूको स्थलगत भ्रमण गर्दै उद्योगीका गुनासा र चुनौतीबारे अन्तरसंवाद सुरु गरेको छ । उद्योग क्षेत्रमा देखिएका कच्चा पदार्थको अभाव, बढ्दो मूल्यवृद्धि, निर्यातमा जटिलता, पटक-पटक विद्युत् लाइन काटिने समस्यालगायतका विषयमा संघले उद्योगीहरूसँग प्रत्यक्ष छलफल थालेको हो।

संघले अभियानको सुरुआत रूपन्देहीको मैनहियामा सञ्चालित नेपालकै सबैभन्दा ठूलो र एक मात्र फ्रेन्च फ्राइ उत्पादक उद्योग 'फस्ट च्वाइस फुड्स प्रालि'को अवलोकन गरेको छ । संघका पदाधिकारीहरूले उद्योगको उत्पादन प्रक्रिया, कच्चा पदार्थ आपूर्ति, निर्यात अवस्था तथा सञ्चालनमा देखिएका समस्या बारे जानकारी लिएको हो । संघका अध्यक्ष कृष्णप्रसाद पराजुलीले उद्योग सञ्चालनमा देखिएका नीतिगत समस्याका विषयमा संघले निरन्तर पैरवी गर्दै आएको बताए । उनले नेपाल उद्योग परिसंघको सहकार्यमा समस्या समाधानका लागि संघले पहल गर्ने प्रतिबद्धता जनाए। अध्यक्ष पराजुलीले उद्योगीहरूलाई आफ्नो समस्या संस्थागत रूपमा संघमा जानकारी गराउन आग्रह गर्दै अधिकांश उद्योगका समस्या समान प्रकृतिका भएकाले सामूहिक रूपमा समाधान खोज्नुपर्नेमा जोड दिए।

संघका महासचिव सुमन बस्यालले उद्योगीहरूको समस्या समाधानका लागि संघले अभियानकै रूपमा उद्योग भ्रमण सुरु गरेको बताए। विशेषगरी निर्यातजन्य उद्योगहरूले भोगिरहेका नीतिगत समस्या समाधानका लागि संघले संस्थागत पहल गर्ने उल्लेख गरे । उद्योग क्षेत्रलाई चलायमान बनाउन सरकार र निजी क्षेत्रबिच समन्वय आवश्यक रहेको उनको भनाइ थियो।

उद्योगका सञ्चालक कृष्णप्रसाद पौडेलले आयात प्रतिस्थापन गर्दै निर्यातमुखी उत्पादन गर्ने लक्ष्यसहित उद्योग सञ्चालन गरिएको बताए। उनले उद्योगमा हालसम्म दुई अर्ब रुपैयाँभन्दा बढी लगानी भइसकेको जानकारी दिए। निर्यातमा कानुनी जटिलता रहेको उल्लेख गर्दै उनले आलु उत्पादन वृद्धि गर्न सरकारी नीति कमजोर रहेको गुनासो गरे। उद्योगले किसानलाई बजारको ग्यारेन्टी दिन बजार मूल्यभन्दा बढी मूल्यमा आलु खरिद गरिरहेको समेत बताए।

उद्योगका प्रबन्धक लक्ष्मी पौडेलले विश्व बजारमा प्रवेश गरेपछि उत्पादनको सम्भावना बढेको बताए । निर्यातमा देखिएका कानुनी जटिलता सहज बनाउनु पर्नेमा उनले जोड दिए। खुला सिमानाका कारण कम गुणस्तरका भारतीय उत्पादनसँग प्रतिस्पर्धा गर्नुपर्दा समस्या भएकाले सम्बन्धित निकायको ध्यान जानुपर्ने उनले बताए । रूपन्देही क्षेत्र आलु उत्पादनका लागि निकै उपयुक्त माटो रहेको उल्लेख गर्दै किसानलाई बजारको ग्यारेन्टीबारे थप जानकारी गराउन आवश्यक रहेको समेत उनले बताए। ठुलो परिमाणमा उत्पादन वृद्धि गर्न किसान, उद्योग र सरकारबिच सहकार्य आवश्यक रहेको उनको भनाइ थियो । गुणस्तरलाई विशेष ध्यान दिँदै उद्योग सञ्चालन गरिएको बताउँदै उनले कृषक, उद्योग र राज्यको सामूहिक प्रयास अपरिहार्य रहेकोमा जोड दिए।

संघले आगामी दिनमा अन्य समस्यामा परेका उद्योगहरूको पनि भ्रमण गर्दै उद्योग क्षेत्रका साझा समस्या संकलन गरी समाधानका लागि सम्बन्धित निकायसँग पहल गर्ने योगदान तय गरेको छ । । उद्योग क्षेत्रमा देखिएका चुनौती समाधान गर्न निजी क्षेत्र र सरकारबीच समन्वय आवश्यक रहेको संघको निष्कर्ष रहेको छ।

# २८ दिनको 'एनटिसी प्याकेज' अब ३० दिन

काठमाडौँ, चैत २५ । नेपाल टेलिकम (एनटिसी) ले आफ्नो प्रिपेड सेवाको २८ दिनको प्याकेजको समय बढाएर ३० दिन बनाएको छ। टेलिकमका अनुसार 'कम्बो-२९९ प्याक' को समयावधि मङ्गलबार रातिदेखि बढाएर ३० दिनको बनाइएको छ । सञ्चार तथा सूचना प्रविधिमन्त्री डा.विक्रम तिमिल्सिनाले मङ्गलबार नेपाल टेलिकमसँग छलफल गरेपश्चात यो व्यवस्था लागू गरिएको हो।

नेपाल टेलिकमका निमित्त प्रबन्ध निर्देशक रीना डङ्गोलले आगामी वैशाख ११ सम्ममा यस्ता सबै प्याकेजलाई ३० दिन बनाउने जानकारी दिइन्।

त्यसैगरी टेलिकम प्रयोगकर्ताको डाटा प्याकेज सकिएपछि स्वतः ब्यालेन्स काटिने अवस्था अन्त्य भएको छ भने सबै सेवा अनलाइन गर्ने र 'वान टाइम केवाइसी' लागू गर्ने प्रक्रिया अघि बढाइएको छ । अब प्रयोगकर्ताले लिएको डेटा प्याकेज ९० प्रतिशत खपत भएपछि सूचना प्राप्त गर्नेछन् । यससँगै 'पे-एज-यू-गो' विकल्प उपलब्ध हुनेछ। जसले ग्राहकलाई डेटा सकिएपछि स्वतः शुल्क कट्ने वा नयाँ प्याकेज खरिद गर्नेबारे विकल्पसहितको छनोटको सुविधा दिनेछ । मन्त्रालयले अघि सारेको नतिजामा आधारित शासकीय व्यवस्थापन प्रणालीअन्तर्गतको १० बुँदे सुधारात्मक कार्ययोजनामा पनि यो विषय समावेश गरिएको छ । कार्ययोजनाअनुसार नेपाल टेलिकमको सेवा गुणस्तर सुधार, ग्राहक सेवा सुदृढीकरण र डिजिटल सेवा विस्तारलाई उच्च प्राथमिकतामा राखिएको छ।

सोहीअनुसार नेपाल टेलिकमले सेवा प्रवाहलाई प्रभावकारी बनाउन ग्राहक केन्द्रित सुधारका कदम अघि बढाएको जनाएको छ। विशेषगरी मोबाइल डाटा व्यवस्थापन, डिजिटल प्लेटफर्म विस्तार र प्रशासनिक प्रक्रियालाई सरल बनाउने उद्देश्यले व्यापक रूपान्तरण प्रक्रिया सुरु गरिएको हो।

# नेपाली श्रमिकको उद्धार योजना बनाउन सरकारको ध्यानाकर्षण

काठमाडौँ, चैत २५ । राष्ट्रियसभाका सदस्यहरूले मध्यपूर्वी क्षेत्रमा बढ्दो तनावका कारण त्यहाँ कार्यरत नेपाली श्रमिकमाथि हुनसक्ने जोखिम मूल्याङ्कन गर्दै तत्काल उद्धार योजना बनाउन सरकारको ध्यानाकर्षण गराए। सभामा बुधबार बैठकको विशेष समयमा उनीहरूले दैनिक उपभोग्य वस्तुको अस्वभाविक मूल्य नियन्त्रण गरेर जनतालाई राहत दिन सुझाव दिए।

नेपाली कांग्रेसका सांसद नारायणदत्त भट्टले सरकारले पश्चिम एसियाको द्वन्द्वपछि कामको खोजीमा खाडी मुलुकमा गएका नेपालीले सुरक्षित रूपमा स्वदेश फर्किने अवस्था बनाउनुपर्ने माग गरे । उनले गृहमन्त्री सुधन गुरुङको नाममा पोखराको जग्गा प्रकरण सम्बन्धी छानविन गरी स्पष्ट पार्न माग गर्दै सरकारलाई आफ्नो उत्तरदायित्व पूरा गर्न माग गरे। सांसद भट्टले परराष्ट्रलाई नीति सही ट्र्याकमा ल्याई अघि बढ्न सरकारलाई सुझाव दिए।

कांग्रेसका सांसद खम्बबहादुर खातीले मध्यपूर्वी क्षेत्रमा विकसिकत तनावका कारण प्रत्येक नेपाली प्रभावित हुँदै गइरहेकाले तत्काल राहतका कार्यक्रम ल्याउन सरकारको ध्यानाकर्षण गराए। सम्पत्ति शुद्धीकरणका नाममा पूर्वाग्रह राखेर विभिन्न नेतामाथि मुद्दा लगाउने कार्य गरिरहेको जिकिर गर्दै उनले त्यस्ता कार्य तत्काल रोक्न माग गरे।

कांग्रेसका सांसद विष्णुकुमारी सापकोटाले सरकार जेनजीको भावना र नागरिकको चाहनाअनुसार अघि बढ्नुपर्नेमा जोड दिँदै सरकारका असल कामको प्रतिपक्षले समर्थन गर्ने बताइन्। 'सरकारले राम्रा कामको थालनी गरेको छ, अब मुलुकको समृद्धिका लागि संघ, प्रदेश र स्थानीय तहका जनप्रतिनिधिसँगको छलफलबाट नयाँ योजना लिनुपर्छ,' उनले भनिन्।

नेपाली कम्युनिष्ट पार्टी (नेकपा) का सांसद सुरेश आले मगरले लोकप्रियताका नाममा सरकार गैरसंवैधानिक बाटोमा अघि बढ्न सक्ने भन्दै त्यसप्रति संसद् सचेत हुनुपर्ने बताए। 'सरकारले गरेको सकारात्मक र नकारात्मकताका आधारमा समर्थन र विरोध गर्नेछौँ, राम्रा काम गरे ताली बजाउछौँ, नराम्रो काम गरेर खबरदारी गर्नेछौँ,' उनले भने।

नेकपाका सांसद भुवनबहादुर सुनारले वर्तमान सरकारले किसानका मुद्दालाई प्राथमिकतामा राख्नुपर्ने र 'जसको जोत, उसको पोत' नारा व्यहारकमा लागू गर्नुपर्ने बताए। साथै उनले किसानले आफ्नो उत्पादनको मूल्य पाउनका लागि धर्ना बस्नुपर्ने अवस्था अन्त्य गर्न माग गरे।

नेपाल कम्युनिष्ट पार्टी (एमाले) की सांसद रोशनी मेचेले विद्यार्थीहरूलाई सङ्गठित हुन नदिने सरकारको निर्णयले विद्यार्थीको हकअधिकार कुण्ठित हुन सक्ने जोखिम बढेको बताइन्। 'देशविदेशका विश्वविद्यालयमा नेपाली विद्यार्थी मर्कामा पर्दा विद्यार्थी सङ्गठनहरूले नै आवाज उठाउने गरेका इतिहास छ, विद्यार्थीको हकहितमा केन्द्रित सङ्गठनलाई समाप्त पार्नु खोज्नु विद्यार्थी आन्दोलनप्रतिको अपमान हो,' उनले भनिन्।


## आवश्यकता

मितिः २०८२।१२।२५

शिक्षा विकास तथा समन्वय इकाई रुपन्देहीको मिति २०८२।१२।१७ को च.नं. ११२ को शिक्षक विज्ञापन अनुमति पत्र र वि.व्य.स.को मिति २०८२।१२।२५ को विज्ञापन प्रकाशन गर्ने निर्णय अनुसार यस विद्यालयमा मायादेवी गा.पा. रुपन्देहीको दरबन्दी मिलान काज सरुवाका क्रममा रिक्त प्राथमिक तह तृतीय श्रेणी स्थायी दरबन्दीमा अस्थायी करार सट्टा शिक्षक नियुक्त गर्नु परेकोले अर्को व्यवस्था नहुदासम्म कामकाजका लागि यो विज्ञापन प्रकाशन गरिएको छ ।

- विज्ञापन नं.: ०४/२०८२/०८३
- पदः प्राथमिक शिक्षक
- नियुक्ति किसिमः अस्थायी करार ।
- माग संख्याः १
- आवश्यक योग्यताः मान्यताप्राप्त शैक्षिक संस्थाबाट (१०+२) वा सो सरह उत्तीर्ण र शिक्षक अध्यापन अनुमति पत्र भएको ।
- तलब स्केलः संघीय ससर्त अनुदान नियमानुसार ।
- दरखास्त दिने अन्तिम मितिः २०८३।०१।१० गते विहिवार दिउसो ४:०० बजेसम्म ।
- दरखास्त दिने स्थानः जनजागृति माध्यमिक विद्यालय, मायादेवी-१, धमौली, रुपन्देही ।
- दरखास्त दिनेको उमेरः १८ वर्ष पुरा भै ४० वर्ष ननाघेको ।
- परिक्षाको किसिम र पाठ्यक्रमः शिक्षक सेवा आयोगको छनोट विधि, प्रकृया र पाठ्यक्रम अनुसार ।
- आवेदन दस्तुरः रु. १५००/- (अक्षरुपी एक हजार पाच सय रुपैया) ।
- सम्पर्क मितिः २०८३।०१।११ गते शुक्रवार दिउसो ४:०० बजेसम्म ।
- सम्पर्क नं.: ९८५७०५८४७८, ९८१९४२९४२०, ९८४७३०२२०८
- आवश्यक कागजातहरुः न्युनतम शैक्षिक योग्यताका प्रमाणपत्रका प्रतिलिपिहरु, नागरिकताको प्रतिलिपि र हस्तलिखित निवेदन ।
- द्रष्टव्यः म्याद नाघि आएका दरखास्त उपर कुनै कार्यवाही गरिने छैन । शिक्षक सेवा आयोगको पछिल्लो प्राथमिक तहको करार सूचीमा परेका आवेदकको आवेदन परेमा करारसूचीको क्रम अनुसार शि.वि.स.ई. रुपन्देहीको सिफारिसमा नियुक्त गरिनेछ र अन्य आवेदकको आवेदन दस्तुर फिर्ता गरिनेछ ।

प्रधानाध्यापक
**श्री जन जागृति माध्यमिक विद्यालय धमौली**
मायादेवी गाउपालिका-१, रुपन्देही

## सार्वजनिक सूचना

यस नेपाकेयर फर्मास्यूटिकल्स प्रा.लि.का शेयर हक हस्तान्तरण हुने भएकोले यस कम्पनीसंग २०८२ वैशाख ३१ गतेसम्ममा कम्पनीबाट लिनुपर्ने के कति रकम छ र कम्पनीमा दिनु पर्ने के कति छ कम्पनीका साहु, कम्पनीको कर्मचारी, थोक बिक्रेता, सप्लायर्स आदिले प्रमाण सहित आजको मितिले १५ दिनभित्रमा निम्न ठेगानामा विवरण पेश गर्नु हुन सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ । यो सूचनाको बेवास्ता गरेमा कानुन अनुसार भै जाने व्यहोरा जानकारी गराइन्छ ।

**नेपाकेयर फर्मास्यूटिकल्स प्रा.लि.**
तिलोत्तमा-१२, रुपन्देही, फोनः ९८०२६२०९६५
इमेलः acc.nepacarepharmaceuticals@gmail.com

## शिलबन्दी दरभाउपत्र प्रक्रियाबाट वन पैदावार लिलाम बिक्री सम्बन्धी सूचना


प्रथम पटक सूचना प्रकाशित मितिः २०८२/१२/२६ गते

यस सामुदायिक वन उपभोक्ता समूहको स्वीकृत वन व्यवस्थापन कार्ययोजना अनुसार डिभिजन वन कार्यालय बाँकेको च.नं. २०७२ मिति २०८२/०९/२८ को वन पैदावार संकलन सहमति बमोजिम उत्पादित काठ र दाउराहरु मध्ये आन्तरिक खपत भई बाँकी रहेका गोलिया काठ तथा दाउराहरुलाई डिभिजन वन कार्यलय बाँकेको च.नं. ३५९५ मिति २०८२/१२/२५ गतेको गतेको बाह्य लिलाम सहमति बमोजिम समूहको घाटगद्दीमा रहेका साल, जामुन, कर्मा, धौटी, मौवा, दवदवे, वर्रो, टेन्दु जातका कुल जम्मा गोलिया थान ४२४ को ५११६.९७ क्यू.फिट काठ तथा साल जातको २४ चट्टा र अन्य जातको ३७ चट्टा दाउरालाई हाल जे-जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानुपर्ने गरि लिलाम बिक्री गर्नुपर्ने भएकाले यो सुचना प्रकाशित गरिएको हो । ईच्छुक वन पैदावरको लिलाम बिक्रीमा भाग लिनका लागि डिभिजन वन कार्यालयमा सुचीकृत भएका स:मिल वा कम्पनीले यो पहिलो पटक सुचना प्रकाशित भएको मितिले २१ (एक्काइस) दिनभित्र सिलबन्दी बोलपत्र खरिद गर्न र २२ दिनभित्र सिलबन्दी बोलपत्र दर्ता गर्न आहवान गरिन्छ । यस सम्बन्धी बिस्तृत जानकारीको लागी यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ । पुर्ण व्यहोराको सूचना यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयको सूचना पाटिमा टाँस गरिएको छ ।

**श्री वारसीबाबा सामुदायिक वन उपभोक्ता समूह**
नरैनापुर गा.पा.-०४, बाँके

## इट्टा चाहिएमा !

तपाईहरुको शहर भैरहवा बुटवलमा बलियो, भरपर्दो तथा टिकाउ L.B.F. मार्का इट्टा चाहिएमा तुरुन्त सम्पर्क गर्नुहोला ।




मार्का

सम्पर्कः पडसरी-५, ठुटीपिपल, रुपन्देही
फोनः ९८५७०२३३२०, ९८५७०२३९१४, ९८५७०२३८१३ फ्याक्टी
नोटः पाल्पा, स्याङ्जा, गुल्मी, अर्घाखाची लगायत अन्य जिल्लाहरुमा पनि ट्रकमा पठाउने व्यवस्था छ ।

## श्री साहारा सामुदायिक वन उपभोक्ता समूह

बाणगंगा नगरपालिका वडा नं. ९, भलवाड, कपिलवस्तु

### काठ, दाउरा बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना

प्रथम पटक प्रकाशन मितिः २०८२/१२/२६ गते

श्री साहारा सामुदायिक वन उपभोक्ता समूह बाणगंगा नगरपालिका वडा नं. ९, भलवाड, कपिलवस्तुको आ.व. २०८१/८२ मा स्वीकृत वन व्यवस्थापन कार्ययोजना अनुसार पुनरुत्पादन कटान तथा ढलापडा रुखहरुबाट उत्पादन भई नियमानुसार वन पैदावार आपूर्ति समितिलाई छुट्टयाई बिक्रि हुन नसकी वन पैदावार आपूर्ति समितिले फिर्ता गरेको साथै आ.व. २०८०/८१ र २०८१/८२ मा समूहभित्र आन्तरिक खपतका लागि छुट्टयाई खपत हुन नसकेको बाणगंगा न.पा-९, भलवाड, कपिलवस्तुको घाट्गद्दीमा लट बनाई राखिएको साल जातको थान ३९० को १८११.६२ घ. फि गोलिया काठ जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानुपर्ने गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । काठ, दाउरामा आधारित उद्योग सञ्चालन गर्ने भनि प्रचलित कानून बमोजिम दर्ता तथा नविकरण भई वन नियमावली, २०७९ को नियम १२८ बमोजिम सूचीकृत उद्योगले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१औं दिनभित्र खरिद गरी २२औं दिनभित्र र सो दिन सार्वजनिक बिदा परेमा सो को लगत्तै भोलि पल्ट प्रत्येक लटको छुट्टाछुट्टै सिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धी विस्तृत जानकारीको लागि यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ । पूर्ण व्यहोराको सूचना यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयको सूचना पाटीमा टास गरिएको छ ।

## त्रिशुल बचत तथा ऋण सहकारी संस्था लिमिटेड

सिद्धार्थनगर-९, रुपन्देही

### लिलाम बिक्री सम्बन्धी ७ दिने सार्वजनिक सूचना

तेश्रो पटक प्रकाशित मितिः २०८२।१२।२६ गते

यस संस्थाबाट तपशिलमा उल्लेखित ब्यक्तिहरुले आफ्नो व्यबसाय संचालन गर्न बिभिन्न शिर्षकहरुमा ऋण लिएको र भाखाभित्र ब्याज तथा हर्जाना सहित साबा रकम चुक्ता गर्न नआएकोले पटक पटक सम्बन्धित ब्यक्तिलाई मौखिक तथा लिखित रुपमा ऋण चुक्ता गर्न अनुरोध सहित ताकेता गर्दा समेत बेवास्ता गरी यस संस्थासंग लिएको ऋण, ब्याज तथा हर्जाना तिर्न बुझाउन नआएको तथा सो तिरी बुझाई सकेको प्रमाण पेश गर्न नआएको हुदा यस संस्थाको बिनियमावली २०६५, कर्जा लगानी तथा अशुली नीति २०७५, सहकारी ऐन २०७४ को दफा ७९ ले दिएको अधिकार प्रयोग गरी यस संस्थालाई धितो सुरक्षण स्वरुप लेखिदिएको तपशिलमा उल्लेखित घर/जग्गा निम्न मिति, समय र स्थानमा लिलाम बिक्री गरिने भएकोले सो लिलाम बिक्रीमा डाक बढाबढ गरी लिन ईच्छुक महानुभावहरु सबैको जानकारीको लागि यो ३५ (पैतिस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको, दोस्रो पटक ७ दिने सूचना प्रकाशन गर्दा पनि कोही बोलकबोल उपस्थित नभएको कारण पुनः तेस्रो पटक यो ७ दिने सुचना प्रकाशन गरिएकोले सम्बन्धित ऋणीलाई धितो लेखि दिने ब्यक्ति र ब्यक्तिगत धन जमानत दिने ब्यक्तिहरुले यस संस्थालाई तिर्नु बुझाउनु पर्ने ऋण, ब्याज र हर्जाना तिरी, तिर्न लगाई धितो फुकुवा गर्न चाहेमा लिलाम हुनु अघि नै चुक्ता गर्न अन्तिम मौका समेत दिईनेछ । धितो राखेको सम्पतीबाट यस संस्थालाई बुझाउनुपर्ने साबा, ब्याज र हर्जाना अशुल उपर नभएमा सम्बन्धित ऋणीहरु तथा नीजका परिवारका अन्य ब्यक्तिहरुको नाउमा रहेको जायजेथाबाट समेत अशुल उपर गरिने छ ।

| क्र.सं. | ऋणीको नाम थर | ठेगाना | धितोको बिबरण | लिलाम बढाबढको लागी धितोको न्युनतम मुल्य |
|---|---|---|---|---|
| १ | श्री हिरालाल थापाको बुहारी श्री अर्जुन थापाको पत्नी बर्ष ५३ को श्री रमा देवि थापा  | साविक गंगोलिया वडा.नं.०९हाल तिलोत्तमा न.पा. वडा नं.१७ | हिरालाल थापाको बुहारी, अर्जुन थापाको पत्नी श्री रमा देवि थापाको नाममा मालपोत कार्यालय ४८१२०७८७९NL०००८१८४ मिति २०७८।०८।२२ गतेमा च.नं. ८१०६ दर्ता कायम रहेको साबिक गंगोलिया वडा नं. ०९ कि.नं. ३३३, क्षेत्रफल ०-२-०-०/६७७.२६ को जग्गा र सो ले चर्चेको लिग लगापात समेत । पूर्व मोहडाको ३२ फुटे बाटोमा रहेको । | रु. २०,८०,०००। (अक्षरुपी बिस लाख असी हजार मात्र।) |

**धितो लिलामी डाँक बढाबढ सम्बन्धी अन्य शर्तहरुः-**

१. ऋण चुक्ता गर्नको लागि अन्तिम मौका स्बरुप समय प्रदान गरी संस्थाको तर्फबाट प्रस्तुत सूचना प्रकासित भएको मितिले ०७ (सात) दिन भित्र कर्जा चुक्ता हुन नसकेमा मिति २०८३ वैशाख २ गते बुधबारका दिन (उक्त दिन कुनै कारणबस बिदा परेमा लगतै कार्यालय खुलेको दिन) दिनको ११:३० बजे संस्थाको कार्यालय सिद्धार्थनगर नगरपालिका वडा नं. ९ मा लिलामी डाँक बढाबढ सम्बन्धी कार्य हुनेछ ।
२. रकम कबुल गर्दा रकम कबुल गर्नेद्धारा कुनै सर्त राख्न पाईने छैन ।
३. लिलाम डाँक बढाबढमा भाग लिन ईच्छुक ब्यक्ति स्बयम् आफ्नो सक्कलै नागरिकता लियर उपस्थित हुनु पर्नेछ । संगठीत संस्थाको हकमा रितपूर्बकको अख्तियारी तथा संगठीत संस्थाको दर्तासंग सम्बन्धित कागजातहरु सहित उपस्थित हुनुपर्नेछ । संस्थाले बोलकबुल अंक स्विकृत गरेको खण्डमा सोही ब्यक्ति वा संगठीत संस्थाकै नाममा सम्पती दाखिल खारेज गर्न सिफारिस गरी पठाईने छ ।
४. लिलाम डाँक बढाबढमा सबै भन्दा बढी रकम कबुल गर्ने ब्यक्ति वा संगठीत संस्थाले आफुले कबुल गरेको रकमको कम्तिमा १० प्रतिसतले हुने रकम नगदै धरौटी वापत यस संस्थामा तत्काल नगदै जम्मा गर्नुपर्ने छ । धरौटी रकममा कुनै ब्याज दिईने छैन र प्रस्ताव स्विकृत वा अस्विकृत हुने टुंगो नलागेसम्म धरौटी रकम फिर्ता दिईने छैन ।
५. लिलाम बढाबढमा सबैभन्दा बढी रकम कबोल गर्ने ब्यक्ति वा संस्थालाई धितोमा रहेको सम्पती बिक्री गर्ने वा नगर्ने अधिकार संस्थामा सुरक्षीत रहनेछ ।
६. सबैभन्दा बढी रकम कबुल गर्ने ब्यक्ति वा संगठीत संस्थालाई सम्पती बिक्री गर्ने वा नगर्ने निर्णय संस्थाले लिलाम डाँक बढाबढ भएको ७ दिनभित्र गरी सो को सूचना बोलकबोलदातालाई दिईनेछ र बोलकबुलवालाले त्यस्तो सूचना प्राप्त गरेको १५ दिनभित्र कबोल गरेको सम्पूर्ण रकम बुझाई सम्पती आफ्नो नाममा नामसारी गरी लिनु पर्नेछ । सो म्यादभित्र रकम नबुझायमा धरौटी रकम स्वत जफत हुनेछ ।
७. सम्पतिको स्वामित्व हस्तान्तरणका लागि संस्थाले पत्रचार नगर्दाको अबस्थासम्मको कुनै पनि अबस्थामा ऋणीले सम्पूर्ण रकम बुझाएमा लिलाम डाँक बढाबढ सम्बन्धी सम्पूर्ण प्रकृया जुन अबस्थामा पुगेको छ सोही अबस्थामा सोही समयमा रद्ध गरी धरौटी रकम फिर्ता गर्न सकिनेछ ।
८. सम्पति दाखिल खारेज नामसारी गर्दा लाग्ने नेपाल सरकारको सम्पूर्ण दै दस्तुर वा राजश्व सकार गर्ने आफैले तिर्नु पर्नेछ ।

अन्य जानकारीका लागि यस संस्थाको कार्यालय सिद्धार्थनगर नगरपालिका वडा नं. ९ मा सम्पर्क राख्नुहुन अनुरोध गरिन्छ ।